नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक ६८ २०७८ साल असोज १८ गते सोमबार (4 Oct. 2021 Monday) मूल्य रु. ५/-

**वर्षातको समयमा सावधानी अपनाऔं**

- वर्षातको समयमा बाढी, पहिरो, डुबानजस्ता प्राकृतिक प्रकोपबाट ठूलो जनधनको क्षति हुन सक्दछ ।
- बाढी, पहिरो, डुबानको जोखिम हुने स्थानहरुमा बस्ती नबसालौं ।
- बर्षातको समयमा हुने बाढी, पहिरोजस्ता जोखिम स्थानहरुको पहिचान गरी सुसूचित गराऔं ।
- स्थानीयस्तरमा आपतकालिन केन्द्रहरुको स्थापना गरी उद्धार टोली र राहत सामाग्रीको जोहो गरौं ।
- विपद्को समयमा आपतकालिन केन्द्रमा तुरुन्त खबर गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : राजविराज-रुपनी सडकमा ... ३ पृष्ठमा : जग्गा विवादले हुलाकी ... ३ पृष्ठमा ब्रेलायतमा कोरोना सङ्क्रमण...

## संविधान त्रुटिपूर्ण रहेकाले देशमा राजनीतिक अस्थिरता बढ्यो : लोसपा अध्यक्ष महन्थ ठाकुर



**दैनिक समाचारदाता**
**राजविराज, १७ असोज ।**

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका अध्यक्ष महन्थ ठाकुरले संविधान त्रुटिपूर्ण रहेकाले देशमा राजनीतिक अस्थिरता बढेर गएको बताएका छन् ।

राजबिराजमा आइतबार आयोजित सम्मान कार्यक्रममा बोल्दै अध्यक्ष ठाकुरले अन्तरिम संविधानले दिएको अधिकार समेत कटौती गरेकाले संविधान संशोधन गर्नुपर्ने अडान आफ्नो पार्टीको अहिले पनि रहेको स्पष्ट पारेका छन् ।

संबिधानमा गरेको व्यवस्थामा समानता भनेको कुरा नभएको जिकिर गर्दै उनले देशमा राजनीतिक अस्थिरता रहेपनि मधेशको समस्या समाधान गर्न प्रधानमन्त्री शेरबहादुर देउवाको ध्यानाकर्षण समेत गराइएको बताए ।

सो कार्यक्रममा लोसपाका बरिष्ठ नेता राजेन्द्र महतोले सबै वर्गको अधिकारका लागि अन्तिम आन्दोलनको आवश्यता रहेको औंल्याउँदै मधेशमुक्ती आन्दोलनका लागि राष्ट्रमुक्ती आन्दोलन समेत आवश्यक रहेको जिकिर गरेका छन् ।

नेता महतोले ३० बर्ष अगाडी गजेन्द्र बाबुले उठाएको सबै मुद्दा यथावत रहेकोले ती मुद्दाले पुर्णता पाउन नसकेको भन्दै सबै उत्पीडित वर्गको अधिकार सुनिश्चिताका लागि अन्तिम लडाई लडनुपर्नेमा जोड दिए ।

आफ्नो स्वार्थपूर्तिका लागि केही साथीहरू पार्टी बिभाजन गर्ने तर्फ लागेको आरोप लगाउँदै नेता महतोले हौसला बुलन्द गर्न सबै कार्यकर्तालाई आग्रह समेत गरे ।

यस्तै कार्यक्रममा अर्का वरिष्ठ नेता शरतसिंह भण्डारीले मलेठ घटनाले एक बनाएको पार्टी एकता भएको एक बर्ष नपुग्दै टुट्नु दुर्भाग्यो भएको बताए । उनले संविधान संशोधन हुन आवश्यक रहेको बताउँदै सबै वर्गको पीडाको लागि संघर्ष गर्नु आवश्यक रहेको उल्लेख गरे ।

कार्यक्रममा प्रदेश २ का पार्टीका संसदीय दलका नेता जितेन्द्र सोनल, राष्ट्रिय सभा सदस्य शेखर कुमार सिंह, प्रदेश सभा सदस्य रानीशर्मा तिवारी, नेतृ पुष्पा ठाकुर लगायतले मन्तव्य राखेका थिए ।

## लेखी एमालेमा प्रवेश



**दैनिक समाचारदाता**
**काठमाडौं, १७ असोज ।**

लोकतान्त्रिक समाजवादी पार्टी नेपालका नेता राजकुमार लेखी आइतबार नेकपा एमालेमा प्रवेश गरेका छन् । उनले तीनदिन अघि लोसपाको सम्पूर्ण पदबाट राजिनामा दिएका थिए ।

थारु कल्याणकारिणी सभाका पूर्वमहामन्त्री रहेका लेखी एमाले विधान महाधिवेशन स्थलमा पुगेर पार्टी प्रवेश गरेका हुन् । सो अवसरमा लेखीसहित ५५ जना एमालेमा प्रवेश गरेका छन् ।

नेपाल आदिवासी जनजाति महासंघका पूर्वअध्यक्षसमेत रहेका लेखीलाई नेकपा एमालेका महासचिव इश्वर पोखरलले टीका लगाई पार्टी प्रवेश गराएका हुन् ।

यता लेखीसँगै नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेकपाको सर्लाहीका नेता अमर धमला पनि एमालेमा प्रवेश गरेका छन् ।

## अख्तियार बिरुद्ध जसपाको प्रदर्शन



**दैनिक समाचारदाता**
**राजविराज, १७ असोज ।**

अख्तियारको छापामार शैलीपति बिरोध गर्दै जनता समाजवादी पार्टी (जसपा) नेपालले आइतबार सप्तरीसहित ८ वटै जिल्लामा बिरोध प्रदर्शन गरेको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग बर्दीवासको टोलीले गत बुधबार प्रदेश २ को मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा छापामार शैलीमा छापा मारेको बिरोधमा सो बिरोध प्रदर्शन गरिएको हो ।

जसपा जिल्ला कमिटि सप्तरीद्वारा राजबिराजस्थित शिवमन्दिरको प्राङ्गणबाट निकालिएको बिरोध प्रदर्शन नगर परिक्रमा गर्दै स्थानिय दशन चौकमा बिरोध सभामा परिणत भएको थियो ।

जिल्ला अध्यक्ष केदार यादवको अध्यक्षतमा आयोजित बिरोध सभामा पार्टीका प्रदेश २ महासचिव शम्भु झा, नेता विकास तिवारी, बलान बिहुल गाउँपालिका अध्यक्ष दयानन्द गोइत, महिला नेतृ रमिला साहलगायतले अख्तियारले प्रदेश २ मा जनताबाट निर्वाचित मुख्यमन्त्रीको कार्यालयमा 'बेटी पढाउ, बेटी बचाउ' जस्तो जनलोकप्रिय कार्यक्रमलाई बदनाम गराउन छापामार शैलीमा छिरेर सरकारको बदनामी गर्न खोजेको आरोप लगाउँदै मुख्यमन्त्री जस्तो गरिमामय पदलाई आघात पुऱ्याउने कार्य अत्यन्त आपत्तिजनक र दुराशयपूर्ण रहेको बताए ।

यसअघि जसपा निकट युवा बिद्यार्थीहरूले अख्तियारले मारेको छापाप्रति आपत्ति जनाउदै शनिवार राजबिराजमा मसाल जुलुस प्रदर्शन गरेको थियो । स्थानिय शिवमन्दिरको प्राङ्गणबाट जसपा निकट युवा बिधार्थीहरूले निकालेको मसाल जुलुस दशन चौकमा कोण सभामा परिणत भएको थियो ।

गत बुधवार अख्तियारको बर्दिवासस्थित टोलीले मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा छापा मारेको थियो भने 'बेटी पढाउ, बेटी बचाउ' अभियान अन्तरगत साइकल बितरण सम्बन्धी सम्पूर्ण कागजात समेत लगेको छ ।




नेपाल सरकार
विज्ञापन बोर्ड

राष्ट्रिय जनगणना २०७८

**आम समुदायमा अपिल**

यही २०७८ साल भाद्र ३० देखि आश्विन १८ गते सम्म (बीस दिन) प्रत्येक घर तथा घरपरिवारमा राष्ट्रिय जनगणना २०७८ को लागि घर तथा घरपरिवार सूचीकरण कार्य गर्न सुपरिवेक्षकहरु आउँदैछन् । उनीहरुलाई आफ्नो सही विवरण दिई आफ्नो घर तथा घरपरिवार सूचीकृत भएको सुनिश्चत गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# सडकको अवस्थाप्रति कीन सबै मौन !

राजविराजमा अहिले सबैभन्दा ठूलो समस्याको रुपमा सडकको भएको छ । नगरपालिका क्षेत्र भित्रका अधिकांश सडकको हाल बेहाल भएको छ। कुनै पनि सडकमा निर्धक्क रुपमा हिडडुल गर्न सक्ने अवस्था छैन्। सबै सडक वर्षाका कारण हिलाम्मे बनेको छ। यति मात्र नभएर सडकमा भएको खाडलखुडलले बटुवालाई झनै समस्यामा पारेको छ । नगर क्षेत्र भित्रका सडकहरु नयाँ निर्माणका लागि भत्काइएको छ भने नाला निर्माणका लागि खाल्डो खनिएको छ। तर, पुरानो सडकहरुको अवस्था भने जिर्ण हुँदा अहिलेसम्म सम्बन्धीत निकायको ध्यान पुग्न सकेको छैन्। सो सडकमा ठूला ठूला खाल्डो भएको छ। जसकारण सवारीसाधन गुड्न आफठ्यारो पर्ने गरेको छ।

पुरानो तथा जिर्ण सडकको खाल्डो पुर्ने नाममा टुक्रा इटा हालिएको छ। वर्षाले इटा हालिएको सडक झनै हिलाम्मे भएको छ। सावारीसाधनलाई गुड्न त परै जाओस् पैदल हिड्ने यात्रीहरुलाई चिप्लिने डर त्यतिकै छ। यसरी सडकको हाल बेहाल हुँदा कुनै निकाय त्यसतर्फ गम्भिर बन्न सकेका छैनन्। राजविराज रुपनी सडक खण्डको अवस्था बर्णन गर्ने लायक छैन्। यस सडकखण्डको ठाउँ ठाउँमा सडक भत्किएको छ भने दिनहुँ दुर्घटना हुने गरेको छ। सवारी साधनहरु सोही खाल्डोमा फस्ने गरेको तथा पैदल यात्रीहरु हिलोहुँदै चिप्लिने डरका साथ बाटो काट्न बाध्य छन्।

यति हुँदा समेत सकड डिभिजन कार्यालय, संघन सहरी विकास तथा राजविराज नगरपालिकाको अस्थायी रुपमा कम्तिमा हिड्ने लायकको बाटो बनाउने तर्फ ध्यान पुगेको छैन् भने स्थानिय पनि सडकको दुर्दशा बारे बोल्न सकिरहेका छैन्। यो राजविराज नगरपालिकावासीका लागि ठूलो विडम्बना हो। यति हुँदा पनि जनता जागरुक हुन सकिरहेका छैन्। कतैबाट दबाब समेत सृजना भएको देखिन्न। तसर्थ यस्ता स्थानिय समस्याप्रति सबै जागरुक हुनु आवश्यक छ भने सम्बन्धीत निकायले जनताको समस्याप्रति गम्भिर हुनु पनि त्यतिकै आवश्यक छ।

# राजविराज-रुपनी सडकमा खाल्डाखुल्डीः चालकलाई सास्ती, यात्रुलाई त्रास

**अरुणकुमार यादव**

राजविराज, १७ असोज (रासस)।

राजविराजबाट रुपनीतर्फ आउँदै गरेको हाइसका चालक हरि मण्डललाई सडकका खाल्डाखुल्डी छल्न हम्मेहम्मे परेको छ। उनी घरीदायाँ काट्छन्, घरी बायाँ। त्यति गर्दागर्दै पनि हाइसको डम्फर ठाउँ ठाउँमा ठोकिन्छ। त्यसको आवाजसँगै यात्रुहरू तर्सिन्छन्।

यो दृष्य कुनै कच्ची वा ग्राभेल सडकको भने होइन। राजविराजबाट रुपनीका लागि यातायातका साधनहरू गुड्ने राजविराज- रुपनी सडक खण्डको हो। लामो समयदेखि मर्मत नहुँदा चालकहरूलाई त सास्ती छ, नै यात्रुहरू पनि त्रसित छन्। "के गर्नु सडकभरी खाल्डाखुल्डी छन्, कसरी चलाउनु ?", चालक मण्डलले भन्नुभयो, "यात्रुहरू छिटो जाउँ भन्छन्, सडकको अवस्था यस्तो छ।" पटक पटक ब्रेक लगाउनु पर्दा गाडी तात्ने गरेको समेत उहाँको भनाइ छ।



उहाँले दैनिक सयौंको सङ्ख्या सवारी तथा मालवाहक साधन गुड्ने यो सडकको मर्मतका लागि कुनै कसैले पनि चासो दिएको छैन् भन्नुभयो। उहाँले भन्नुभयो, "राजविराज आउन जानका लागि सङ्घीय, प्रदेश र स्थानीय तहका जनप्रतिनिधिले यसै सडकको प्रयोग गर्छन् तर उनीहरूको आँखा सडकमा लाग्दो रहेनछ।"

रुपनी रोडको पराडाइजहोटेल नजिकै खाल्डो परेको सडकका कारण दैनिक मानिसलाई आवतजावतमा कठिनाई भइरहेको पाइएको छ। जीर्ण अवस्थामा रहेको यो सडकमा दैनिक चल्ने सयौं सवारीसाधनको पार्टपूर्जासमेत हल्लिने गरेको गाडी चालकको गुनासो छ। यस्तै राजविराज रुपनी सडकखण्डको आँखा अस्पताल नजिकमा पनि २/३ फिट गहिरो खाडल छन्। जसमा दिनँहु गाडी फस्ने, जाम हुने र बिग्रिने समस्या चालकहरूले भोग्दै आएका छन्। यो सडक खण्डमा दैनिकरूपमा जेसिबी, ट्रिपर, ट्रक, बस, ट्याक्टर, कार दर्जनौं मात्रामा चल्ने गरेका छन्। साथै दैनिक सयौं पटक टिपर आउजाउ गर्ने गरेका कारणले सडकमा अहिले ठूलठूला खाल्डो परेर सडक बिग्रिएको अवस्थामा रहेको छ।

"यो सडकमा गाडी हाक्नुभन्दा कच्ची सडकमा सजिलो हुन्छ। कम्तीमा कच्चीमा एक सुरले जान त पाइन्छ", चालकहरू भन्छन्, "सडक मर्मतको जिम्मेवारी पाएका कार्यालयका 'हाकिम साब'हरूका गाडी पनि यसै बाटोबाट गुड्ने गरेका छन् तर कसैले पनि यसप्रति चासो राखेको पाइँदैन।" सडक मर्मत नहुनुमा सङ्घीय र स्थानीय सरकारको लापरवाही भएको उनीहरूको आरोप छ। चालकले खाल्डा छल्दा गाडी सडकको डिलमा पुग्ने गरेको यात्रुको भनाइ छ। "मोडमा खाल्डा छन्, चालकले खाल्डा बचाउने भन्दै डिलमा पुऱ्याउँछ", राजविराजका राजेश यादवले भन्नुभयो, "त्यतिवेला अब हामी मरेर बाँचेको अनुभूति गर्छौं।" यो सडकको यात्रा हाम्रा लागि जीवन मरण जस्तै भएको उहाँको भनाइ छ।

उहाँले वर्षेनी सडक मर्मतको नाममा टालटुल गर्ने तर गुणस्तरीय काम नहुने भएकाले यो समस्या आएको बताउनुभयो। उहाँले भन्नुभयो, "नेता, कर्मचारी, ठेकेदार सबै मिलेका छन्, काम गरे जस्तो मात्रै गर्छन्, बजेट सिध्याउँछन्।" सप्तरीको राजविराज-रुपनी सडक खण्डको दुर्दशाले सवारीसाधन सञ्चालन गर्न सकस भएको छ। सडक डिभिजन कार्यालय लहानले सडक निर्माण कार्यलाई अधुरै छोडेपछि सवारी सञ्चालनमा कठिनाइ हुने गरेको चालकको गुनासो छ।

"तीव्र गतिमा गाडी आइरहेको हुन्छ, खाल्डा आउँदा घच्याक्क ब्रेक लाउँछन्, हामी यात्रुहरू छल्लिन्छौं। यो पीडा हामीले कसलाई सुनाउने ?" यात्रु शिवकुमार यादवको भनाइ छ। सडकको दुवैपाखामा खाल्डो खनेर अलपत्र छाडिएकाले मूलसडकमा क्षति भएको स्थानीयवासीको भनाइ छ। सडक विभाग र निर्माण कम्पनीले निर्माण कार्य अधुरो छोडिदा मूलसडकको कालोपत्रमा पनि भारी बोकेर आएका साधन भासिएर बाटो अवरुद्ध हुने गरेको पाइएको छ। "सडक निर्माण कार्यलाई अधुरो छोडिदा दुर्घटनाको जोखिम उत्तिकै रहेको छ", यादवले भन्नुभयो, "बर्सेनि सडक पेटी खन्ने र ग्राभेल हाल्ने कार्य हुन्छ तर कुन निकायले काम गरेको हो त्यसको पनि अत्तोपत्तो छैन।"

# सकारात्मक सोचका साथ असल काम गर्दा सफलता प्राप्त हुन्छ : नेता महतो

काठमाडौँ, १७ असोज (रासस)।

सुडी समाज काठमाडौँले समाज, राष्ट्र र सुडी समुदायको विकास तथा उन्नयनका लागि महत्वपूर्ण योगदान पुऱ्याएबापत विभिन्न व्यक्तिलाई सम्मान गरेको छ।

सम्मानित हुनेमा स्वास्थ्य सेवा विभागका महानिर्देशक डा आरपी बिच्छा, प्रदेश नीति तथा योजना आयोग, प्रदेश नं २ का सदस्य बैजनाथ महतो, विभूषण समितिका सदस्य इन्जिनियर ओमप्रकाश महतो, अन्तर्राष्ट्रिय योग प्रशिक्षक श्रीमती शान्ति महतो र सिंहदरबार वैद्यखाना विकास समितिका निमित्त कार्यकारी निर्देशक डा सबरी साह हुनुहुन्छ।

सुडी समाज काठमाडौँद्वारा आइतवार यहाँ आयोजित दसैं, तिहार र छठपर्वको शुभकामना आदानप्रदान, छलफल तथा सम्मान कार्यक्रममा उहाँहरूलाई लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका नेता एवम् पूर्वउपप्रधान तथा सहरी विकासमन्त्री राजेन्द्र महतो, नेपाली जनता दलका राष्ट्रिय अध्यक्ष हरिचरण साह र समाजका अध्यक्ष डा अशोक महासेठले सम्मानपत्रद्वारा सम्मान गर्नुभएको हो।

सो अवसरमा नेता महतोले मानिसले सकारात्मक सोचका साथ गर्ने असल कामबाट सफलता प्राप्त हुने उल्लेख गर्दै मानव र समाजसेवाबाट मात्र आत्मसन्तुष्टि हुने बताउनुभयो। सामाजिक सङ्घसंस्थाले समाजको रुपान्तरणका लागि कार्य गर्नुपर्ने बताउँदै उहाँले समाजमा देखिएको विकृति-विसङ्गतिको न्यूनीकरण गरी सबल, सक्षम र सुदृढ समाज निर्माणका लागि अग्रसर हुन सबैलाई आग्रह गर्नुभयो।

अध्यक्ष साहले सबै नीतिको मूल नीति राजनीति हो भन्दै नेपाली जनता र राष्ट्रको विकासका लागि आफू राजनीतिमा लागेको बताउनुभयो। उहाँले समतामूलक समाज र समाजिक न्याय स्थापनाका लागि सामाजिक सङ्घसंस्थाले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

स्वास्थ्य सेवा विभागका महानिर्देशक डा बिच्छाले कोरोना भाइरस सङ्क्रमणको जोखिम कायमै रहेकाले दसैं मनाउँदा स्वास्थ्य मापदण्ड अनिवार्य रुपमा पालन गर्न सबैसँग आग्रह गर्नुभयो।

प्रदेश नीति तथा योजना आयोग, प्रदेश नं २ का सदस्य महतो, विभूषण समितिका सदस्य इन्जिनियर महतो, अन्तर्राष्ट्रिय योग प्रशिक्षक श्रीमती महतो लगायतले दिगो शान्तिविना समाज र मुलुकले विकास र समृद्धि हासिल गर्न नसक्ने भएकाले हिंसालाई निर्मूल गर्नेतर्फ सरकार, राजनीतिक दल, सामाजिक सङ्घसंस्थाले अग्रसर हुनुपर्नेमा जोड दिनुभयो।

समाजका अध्यक्ष डा अशोक महासेठको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा समाजका उपाध्यक्षद्वय इन्जिनियर उमाशङ्कर साह र डा आरपी चौधरी, महासचिव शीतलप्रसाद महतो कोषाध्यक्ष श्रीराम पूर्वेलगायतका वक्ताहरूले सांस्कृतिक एवं सामाजिक विविधता हाम्रो देशको मौलिक पहिचान हो। यही विविधताबीचको एकताले नै नेपाली राष्ट्रियतालाई सबल र सुदृढ बनाएको छ भन्दै समाजका सबै सदस्यहरूबीच आपसी एकता, मित्रता, सहयोग र सद्भाव अभिवृद्धि गरी समृद्ध समाज निर्माण गर्न मद्दत पुगोस् भन्ने कामना गर्नुभयो।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# जग्गा विवादले हुलाकी सडक निर्माणमा असर

राजु विश्वकर्मा
लहान, १७ असोज (रासस)।

जग्गा विवादका कारण राष्ट्रिय गौरव आयोजनामध्ये निर्माणाधीन पूर्व-पश्चिम हुलाकी राजमार्गअन्तर्गत सप्तरी खण्डको काम रोकिएको छ। जग्गा विवादलाई लिएर स्थानीयवासीले अदालतमा दायर गरेको मुद्दाका कारण सप्तरीको ठाउँठाउँमा सडक निर्माणको काम रोकिएको हो।

पूर्व सदरमुकाम राजविराजदेखि पश्चिम बलान खोलासम्मको कूल २५ किलो सडकमध्ये पश्चिम बलान खोलादेखि जमुनी चोकसम्म करिब १८ किलोमिटर सडकमा कालोपत्र भए पनि बाँकी करिब सात किलोमिटर सडक जग्गा विवादका कारण अघि बढाउन नसकिएको रौता श्रेष्ठ डिवा जेभीका कन्टचाक्ट म्यानेजर कमलप्रसाद यादवले बताउनुभयो।

बोदे बर्साइन बजारको शत्रुधन चोकदेखि पूर्व र इलाका प्रहरी कार्यालयको पश्चिम भागमा कालोपत्र भइसकेको छ तर जग्गा अधिग्रहण विवादले इलाका प्रहरी कार्यालय पूर्व र शत्रुघन चौकदेखि पश्चिम बीचको करिब ३०० मिटर सडक निर्माण अझै गरिएको छैन।

बोदे बर्साइन नगरपालिका-५ बजारको उक्त सडकमा कब्रिस्तानको पर्खाल परेको र सो पर्खाल भत्काउन नमानेका कारण निर्माण अवरुद्ध भएको हो। सो क्षेत्रमा जग्गा अधिग्रहण गर्न स्थानीय तहले चासो नदेखाउँदा पनि समस्या समाधान हुन नसकेको स्थानीय बजारवासी भनाइ थियो।

कब्रिस्तानको करिब डेढमिटर पर्खाल सडकको मापदण्डमा परे पनि भत्काउन नमान्दा त्यस खण्डमा निर्माण नगरिएको निर्माण व्यवसायी देवेन्द्र दहालले जानकारी दिनुभयो। जग्गासम्बन्धी मुद्दा पनि अदालतमा विचाराधीन रहेको अवस्थामा जग्गा अधिग्रहण गर्न स्थानीय तह नगरपालिका र वार्ड कार्यालयले पहल नगरेका कारण समस्या यथावत् रहेको उहाँले बताउनुभयो।

यस्तै बोदे बसाईन नगरपालिकास्थित कुशमहार चोकमा पनि जग्गा विवादलाई लिएर अदालतमा मुद्दा दायर गरिएकाले त्यहाँ पनि काम रोकिएको छ। "सुरुमा जग्गा विवाद नदेखिएकाले माटो र ग्राभेलको काम गरिसकेका थियौँ", कन्टचाक्ट म्यानेजर यादवले भन्नुभयो," पछि स्थानीयवासीले विवाद सिर्जना गरी अदालतमा मुद्दा दायर गरेकाले काम रोकिएको हो। मुद्दा नपरेको भए अहिलेसम्म त्यहाँ पनि कालोपत्रको काम सकिने थियो।"

यसैगरी सदरमुकाम राजविराजको खर्साल टोलदेखि राममन्दिरसम्मका विभिन्न व्यक्तिबाट अदालतमा मुद्दा परेकाले काम सम्पन्न गर्न ढिलाइ भएको उहाँले बताउनुभयो। उक्त सडक निर्माण गर्ने ठेक्केदार कम्पनी विरुद्ध उच्च अदालत राजविराज इजलाशमा फरकफरक व्यक्तिद्वारा चार वटा मुद्दा दायर गरिएको थियो।

दायर गरिएका सबै मुद्दामा अदालतले बादीको जग्गामा तत्कालाका लागि सडक नबनाउन आदेश दिएपछि झन अन्योल बढ्ेको म्यानेजर यादवको भनाइ थियो। सर्खाल टोलमै रहेको माउण्ट एभरेष्ट बोर्डिङस्कुलका सञ्चालकले नाला बनाउन अवरोध गरेकाले पनि सदरमुकामभित्र सडक र नाला निर्माणमा कठिनाइ भइरहेको उहाँले बताउनुभयो।

उक्त कंपनीले २०७७ असार २९ गतेसम्म सकड स्तरोन्नति गरिसक्ने गरी २०७४ पुस १४ गते सम्झौता गरेको थियो। सो मितिमा निर्माण सम्पन्न हुन नसकेपछि छ महिना म्याद थप गरिएकामा सो म्याद २०७७ पुस २८ गते सकिएको छ।

विसं २०७७ असार मसान्तभित्र सडकको सबै काम सम्पन्न गर्ने लक्ष्य भए पनि निर्माणका क्रममा विभिन्न स्थानका बासिन्दाले जग्गा विवादलाई लिएर अदालतमा मुद्दा दायर गरेका र समयमा पुल निर्माण नहुँदा काम अपेक्षाकृतरूपमा अघि बढाउन नसकिरहेको म्यानेजर यादवको भनाइ थियो।

सप्तरीको बिहुँल नदी, खडक, कजरा, मुतनी, घोडदहलगायत नदीमा ११ वटा पुलको निर्माणकार्य कछुवा गतिमा भइरहँदा आवागमनमा कठिनाइ भइरहेको स्थानीयवासीको गुनासो थियो। करिब छ वर्षअघि सुरु भएको मुतनी नदीको पुल निर्माण अझै पूरा हुन नसक्दा स्थानीवासी कष्टकर यात्रा गर्न बाध्य छन्।

सो पुल अरनिको, लामा, बामती जेभी काठमाडौँले विसं २०७२/३/२५ मा सम्झौता गरी विसं २०७४/३/२४ मा निर्माण गरिसक्नुपर्ने निर्माणस्थलमा राखिएको बोर्डमा उल्लेख छ। निर्माणको म्याद सकिएको चार वर्ष भइसक्यो तर अहिलेसम्म पूरा नभएका सदरमुकाम राजविराज पुग्न ठूलै सास्ती भइरहेको डाक्नेश्वरी नगरपालिकाका गजेन्द्र मण्डलले बताउनुभयो।

# दसैंलगत्तै १८ वर्षमुनिका बालबालिकालाई कोरोना खोप : राज्यमन्त्री श्रेष्ठ

काठमाडौँ, १७ असोज (रासस)।

स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री उमेश श्रेष्ठले दसैंलगत्तै १८ वर्षमुनिका बालबालिकालाई कोरोना खोप उपलब्ध गराउने बताउनुभएको छ।

राज्यमन्त्री श्रेष्ठले आइतबार बुद्धिष्ट चु जी च्यारिटी फाउण्डेशनले कान्ति बाल अस्पतालमा दिएको स्वास्थ्य सामग्री हस्तान्तरण कार्यक्रममा बोल्दै १८ वर्षमुनिका बालबालिकाका लागि एक करोड मात्रा कोरोना विरुद्धको खोप आउने सुनिश्चित भइसकेको बताउनुभएको हो। "४० लाख मोर्डना र ६० लाख फाइजर खोप

***बाँकी अन्तिम पृष्ठमा***






## विश्व समाचार

### बेलायतमा कोरोना सङ्क्रमण घटेन, एकैदिन ३० हजारभन्दा सङ्क्रमित

बेलायत, १७ असोज (रासस/सिन्ह्वा)।

बेलायतमा पछिल्लो समयमा कोरोना भाइरसका सङ्क्रमित बढ्दै गएको पाइएको छ। यहाँ सङ्क्रमणको अवस्था घट्ने नदेखिएको यहाँका स्वास्थ्य अधिकारीले जनाएका छन्। यहाँ एकै दिनमा ३० हजारभन्दा बढीमा कोरोना भाइरसको सङ्क्रमण देखिएको जनाइएको छ। गएको २४ घन्टामा अर्थात् शनिबार मात्र यहाँ ३० हजार ३०१ जना सङ्क्रमित थपिएका सो समाचारमा जनाइएको छ।

प्राप्त समाचारअनुसार अघिल्लो दिन पनि ३० हजार जनाभन्दा बढी नै सङ्क्रमित भेटिएको पाइएको थियो। शनिबार भेटिएकासमेत गरी बेलायतमा यहाँ अहिलेसम्म ७८ लाख ७१ हजारभन्दा बढी मानिस सङ्क्रमित भएका छन्।

लन्डनमा कोभिड-१९ को अवस्था केही हप्ता अघिसम्म सामान्यजस्तो देखिएपनि पछिल्ला दिनमा फेरि यो बढ्दै जान थालेको यहाँका स्वास्थ्य अधिकारीले जनाएका छन्।

त्यसैगरी यहाँ गएको २४ घण्टा यतामात्र १२१ जनाको यो सङ्क्रमणबाट मृत्यु भएको पनि बताइएको छ। थपिएको यो मृत्युसँगै यहाँ यो सङ्क्रमणबाट ज्यान जानेको सङ्ख्या एक लाख ३६ हजार ९१० जना पुगेको पनि बताइएको छ।

अधिकारीले यहाँ पछिल्ला केही दिनयता सङ्क्रमित थपिने र मृत्युको सङ्ख्या पनि बढ्न थालेको जनाएका छन्। उनीहरुले यहाँ हरेक दिन ३० हजारभन्दा पनि बढी सङ्क्रमित थपिने गरेका जानकारी दिएका छन्।

### भारतमा कोभिडका थप २२ हजार ५०० भन्दा बढी सङ्क्रमित

नयाँदिल्ली, १७ असोज (रासस/एएनआई)।

भारतमा कोरोनाभाइरसबाट थप २२ हजार ५०० भन्दाबढी सङ्क्रमित भएका छन्। भारतमा कोरोना सङ्क्रमणको कारण शनिबार थप २४४ जनाको मृत्यु भएको छ। यससैँगै कोरोना सङ्क्रमणबाट भारतमा हालसम्म चार लाख ४८ हजार ८१७ व्यक्तिको मृत्यु भइसकेको छ।

सरकारी अधिकारीले दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा २२ हजार ८४२ जना सङ्क्रमित भएका हुन्। अघिल्लो दिन शनिबार बिहान सार्वजनिक जानकारीअनुसार एक दिनमा २४ हजार ३५४ जना नयाँ सङ्क्रमित थपिएका थिए।

शनिबारभन्दा आइतबार सङ्क्रमितको सङ्ख्या घटेको केन्द्रीय स्वास्थ्य मन्त्रालयले सोमबार जानकारी दिएको छ।

यसअघि दैनिक सङ्क्रमितको सङ्ख्या १८ हजारको हाराहारीमा पुगेकोमा अहिले फेरि बढेको हो। सङ्क्रमित र मृत्यु भएका मध्ये धेरै केरला राज्यका रहेका छन्। अन्य क्षेत्रमा महामारी कम हुँदै गएपनि केरलामा भने बढ्दै गएको पाइएको छ।

शनिबार एकै दिनमा केरलामा १३ हजार २१७ जना नयाँ सङ्क्रमित थपिए भने १२१ जनाको कोरोना सङ्क्रमणको कारण मृत्यु भएको छ।

भारतमा अहिले पनि सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या दुई लाख ७० हजार ५५७ रहेको केन्द्रीय स्वास्थ्य मन्त्रालयले जनाएको छ। भारतमा पछिल्लो समय दैनिक सङ्क्रमित र सक्रिय सङ्क्रमितको सङ्ख्या कम हुँदै गएको तथ्याङ्कले देखाएको छ।

दैनिक सङ्क्रमितको सङ्ख्याभन्दा दैनिक सङ्क्रमणमुक्त हुनेको सङ्ख्या धेरै भएकाले सक्रिय सङ्क्रमितको सङ्ख्या कम हुँदै गएको हो। शनिबार दिनभर २२ हजार ८४२ सङ्क्रमित हुँदा २५ हजार ९३० जना सङ्क्रमणमुक्त भएका मन्त्रालयले जनाएको छ।

भारतमा अहिलेसम्म कुल सङ्क्रमणमुक्त भएकाको सङ्ख्या तीन करोड ३० लाख ९४ हजार ५२९ रहेको अधिकारीले जनाएका छन्। भारतको चिकित्सा अनुसन्धान परिषद्‌काअनुसार कोरोना शुरु भएदेखिहालसम्म भारतमा ५७ करोड ३२ लाख जना कोरोना परीक्षण गरिएको छ। भारतमा गत जनवरी १६ तारिखबाट कोरोना विरुद्ध खोप अभियान शुरु गरिएको हो सो समयबाट हालसम्म ९० करोड ५१ लाख डोज खोप लगाइएको छ।

### गोली काण्डमा एक पत्रकारसहित तीनको मृत्यु

काबुल, १७ असोज (रासस/सिन्ह्वा)।

अफगानिस्तानको पूर्वीप्रान्त नान्गार्हारमा एक पत्रकारसहित तीन व्यक्तिको गोली हानी हत्या गरिएको अधिकारीले आइतबार जनाएका छन्।

जलालाबाद शहरमा शनिबार साँझ आफ्ना आफन्तसँग घुमिरहेका पत्रकार सेयद मरोफ शादातलाई लक्षित गोली प्रहार भएको जनाइएको छ। बन्दुकधारीले उनीहरुलाई गोली हानेको एक सुरक्षास्रोतले नाम नबताउने शर्तमा सिन्ह्वा समाचार समितिलाई बताएका छन्।

गोली प्रहारबाट शादातका छोरा र गाडीका चालक घाइते भएका जनाइएको छ। एक स्वतन्त्र अफगान मिडिया समूह अफगान पत्रकार सुरक्षा समिति (एजेएससि)ले हत्याको निन्दा गरेको छ।

गोली प्रहारको जिम्मा अहिलेसम्म कुनै समूहले लिएको छैन। स्रोतका अनुसार तालिबान अधिकारीले यस घटनाको अनुसन्धान गरिरहेका छन्। अफगानिस्तानको राजाधानी काबुलको पूर्वमा १२० किलोमिटर टाढा रहेको जलालाबाद शहरमा इस्लामसँग सम्बद्ध आतङ्कवादीले हमला गर्दै आएका छन्।

# स्थानिय सरकारले थप ७ हजार तलब दिन नमान्दा बाल शिक्षक तथा कर्मचारी धर्नामा




**दैनिक समाचारदाता**
**राजविराज, १७ असोज ।**

सरकारले चालु आर्थिक वर्ष २०७८/७९ को बजेट भाषणमा व्यवस्था गरिए अनुसारको स्थानीय तहले तलब सुविधा नदिएको भन्दै आइतबारदेखी राजविराजका बाल शिक्षक तथा कर्मचारीहरु धर्नामा बसेका छन् ।

विभिन्न तीन बुँदे माग समेत अघि सार्दै बिहान ११ बजेदेखी दिउँसो ३ बजेसम्म राजविराज नगरपालिकाको कार्यालयको मुल गेटमा धर्ना दिएको गठित आन्दोलन संघर्ष समितिकी संयोजक सुमित्रा दासले जानकारी दिएकी छिन् ।

संयोजक दासले संघीय सरकारद्वारा बाल शिक्षक र विद्यालय कर्मचारीको तलब ८ हजार र स्थानिय सरकारबाट ७ हजार गरि १५ हजार कायम गरिए पनि स्थानिय सरकारबाट ७ हजार दिन नमानेकाले आफूहरु सो सेवा सुविधा पाउनबाट बञ्चित रहेको र यसबारे पटक पटक नगरपालिकाको ध्यानाकर्षण गराउँदा समेत आश्वासन बाहेक केही पाउन नसकेको गुनासो पोखिन् ।

असोज ७ गतेदेखी पहिलो चरणको आन्दोलनको घोषणा गरेका उनीहरुको माँग असोज १४ गतेसम्म पनि पूरा नभएपछि आइतबारदेखी दोश्रो चरणको आन्दोलनको घोषणा गर्दै धर्नामा बसेको आन्दोलन संघर्ष समितिकी सचिव विभा झाले बताइन् ।

नेपाल सरकारद्वारा आर्थिक वर्ष २०७८/७९ को बजेट अनुसार सामुदायिक विद्यालयमा कार्यरत बाल शिक्षक र विद्यालय कर्मचारीहरुको तलब सुविधा उपलब्ध गराउनु पर्ने, सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको छुट प्राविधिक ग्रेड तथा सामुदायिक विद्यालयमा कार्यरत भई अनिवार्य अवकाश तहत सेवा निवृत भएका शिक्षकहरुको छुट प्राविधि ग्रेड समेत उपलब्ध गराउन गठित संघर्ष समितिले माग राखेको छ ।

राजविराज नगरपालिकामा ७८ जना बाल शिक्षक तथा ४२ जना कर्मचारीहरु रहेको जानकारी दिँदै संघर्ष समितिकी संयोजक दासले धर्ना कार्यक्रममा विद्यालयको पठनपाठनमा कुनै अवरोध नगरि पालो पालै गरि धर्नामा बस्ने व्यवस्था मिलाएको जानकारी दिइन् ।

जिल्लाको १८ वटा स्थानिय तह मध्ये रुपनी गाउँपालिका, तिलाठी कोइलाडी गाउँपालिका, राजगढ गाउँपालिका, विष्णुपुर गाउँपालिका, महदेवा गाउँपालिका, सुरुङ्गा नगरपालिका र बोदेबरसाइन नगरपालिका गरि ७ वटा स्थानिय तहले मात्र बाल शिक्षकहरुको तलब १५ हजार लागु गरेको छ भने बाँकी रहेका ११ वटा स्थानिय तह मध्ये राजविराज र खडक नगरपालिकामा आन्दोलन संघर्ष समितिले माग पूरा गराउन आन्दोलन गरिरहेको छ ।

# इन्टरनेटको निर्वाध उपयोग गर्ने/गराउने व्यवस्था मिलाउन अनुरोध

काठमाडौँ, १७ असोज (रासस) ।

नेपाल दूसञ्चार प्राधिकरणले इन्टरनेट सेवाको निर्वाध उपयोग गर्ने/गराउने व्यवस्था मिलाउन अनुरोध गरेको छ । प्राधिकरणले राज्यका विभिन्न स्थानमा जथाभावी ढङ्गले अप्टिकल फाइवर काटी दिँदा राज्यका धेरै स्थानमा इन्टरनेट सेवा अवरुद्ध हुन पुगेको जनाउँदै इन्टरनेट सेवाको निर्वाध उपयोग गर्ने/गराउने व्यवस्था मिलाउन अनुरोध गरेको हो ।

प्राधिकरणले आइतबार एक विज्ञप्ति जारी गरी इन्टरनेट सेवा प्रदायक सङ्घ नेपाल र नेपाल विद्युत् प्राधिकरणबीच पोल भाडा दर विवाद समाधान गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, प्राधिकरण, नेपाल विद्युत् प्राधिकरण र इन्टरनेट सेवा प्रदायक सङ्घ नेपालबीच छलफल गरी विवाद समाधान गर्न प्रयास भइरहेको अवस्थामा अप्टिल फाइबर नकाट्न आग्रह गरेको हो ।

"अप्टिकल फाइबर काट्दा राज्यको अति आवश्यक सेवा अवरुद्ध पारिएको छ दूरसञ्चार ऐन २०५३ अनुसार कसैले पनि यस्तो सेवा अवरुद्ध गरेमा दण्डनीय हुने व्यवस्था छ, यसरी दूरसञ्चार सेवा अवरुद्ध गर्ने कार्यप्रति प्राधिकरण दुखः व्यक्त गर्दछ", विज्ञप्तिमा भनिएको छ ।

प्राधिकरणले राज्यको अति आवश्यक सेवाको अवरुद्ध गर्ने जो कोहीलाई कानूनी कारवाही गर्न र यस्ता पूर्वाधारको सुरक्षा गर्न सम्बन्धित सबैलाई अनुरोध गर्नाका साथै वार्ताका माध्यमबाट समाधान खोज्नुपर्नेमा जोड दिएको छ । विज्ञप्तिमा भनिएको छ, "हरेक समस्याको समाधान वार्ताबाट मात्र हुनसक्ने हुँदा सबै पक्षबसी आपसी छलफलबाट समस्याको समाधान गरी इन्टरनेट सेवाको निर्वाध उपयोग गर्ने/गराउने व्यवस्था मिलाउन नेपाल विद्युत् प्राधिकरण, इन्टरनेट सेवा प्रदायक सङ्घ नेपाल तथा सम्बन्ध सबै पक्षमा हार्दिक अनुरोध गर्दछौं ।"

# लागूऔषध गाँजासहित दुई भारतीय नागरिक पक्राउ

**दैनिक समाचारदाता**
**सर्लाही, १७ असोज ।**

सर्लाही प्रहरीले दुईजना भारतीय नागरिकलाई लागूऔषध गाँजासहित पक्राउ गरेको छ ।

नेपालबाट भारततर्फ टाउकोमा पोका बनाएर लैजाँदै गरेको अवस्थामा शनिबार राति उनीहरुलाई प्रहरीले पक्राउ गरेको हो ।

नेपाल तथा सशस्त्र प्रहरीको संयुक्त टोलीले भारतको बिहार राज्य अन्तर्गत सोनबर्षा ३ का २१ बर्षीय धर्मेन्द्र मण्डल र वडा नम्बर १ का १९ बर्षीय भोला कुमार साहलाई पक्राउ गरेको जनाएको छ ।

उनीहरुले बोकेको पोकाबाट ७० किलो गाँजा बरामद भएको जनाइएको छ । '४/५ जना टाउकोमा पोका बोकेर गइरहेको अवस्थामा उनीहरुमध्ये दुई जनालाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

दुबैबिरुद्ध लागूऔषध गाँजा सम्बन्धी कसुर मुद्दा दर्ता गरी अन्य अनुसन्धान शुरु गरिएको प्रहरीले जनाएको छ ।

## दसैंलगत्तै १८...

खरिदका लागि व्यवस्था भइसकेको छ", उहाँले भन्नुभयो । दसैंलगत्तै एक लाख फाइजर खोप आउने उहाँको भनाइ थियो ।

स्वास्थ्य राज्यमन्त्री श्रेष्ठले फागुनसम्म खोप आउने र बालबालिकालाई उपलब्ध गराउने बताउनुभयो । सरकारले खोपलाई उच्च प्राथमिकता दिएको राज्यमन्त्री श्रेष्ठको भनाइ थियो । राज्यमन्त्री श्रेष्ठले सरकारले कोरोना विरुद्धको खोपलाई पहिलो प्राथमिकता दिएको उल्लेख गर्दै तीनै तहको अस्पतालको व्यवस्थापकीय पक्षलाई सुधार्न नीति बनाउने तयारी सरकारले गरेको बताउनुभयो ।




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु →
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit | CITY EXPRESS | Best Remit | PRABHU Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*